धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, मधेश प्रदेश नेपाल
Dhangadhi, Siraha, Madhesh Province, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545271

प.सं.(Letter No.) २०७९/०८०
च.नं.(Ref No.) २५१

मिति :- २०७९।८।११

धनगढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, सिरहा मधेश प्रदेश नेपाल

*बिषय :- उपभोक्ता समिति गठन तथा योजना सम्झौता गर्ने सम्वन्धमा ।*

**श्री वडा कार्यालय (१-१४), सबै**
**धनगढीमाई नगरपालिका, धनगढी, सिरहा ।**

यस धनगढीमाई नगरपालिकाको आठौं नगरसभाद्वारा स्वीकृत आ.व.२०७९/८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमहरु मध्य त्यस वडाका वडा स्तरका योजनाहरुको निम्न शर्तहरुको परिधिभित्र रहेर २०७९ साल मंसिर मसान्त भित्र उपभोक्ता समिति गठन गर्नु भै यस कार्यालयवाट उपभोक्ता समितिका पदाधिकारीहरु (अध्यक्ष, कोषाध्यक्ष र सचिव) को लागि योजना सम्झौता, निर्माण र भुक्तानी प्रक्रिया सम्वन्धी संचालन हुने तालिममा सहभागी हुन खटाउनु हुन तथा योजना सम्झौता गरी निर्माण कार्य सचालन गर्नु गराउनु हुन अनुरोध छ ।

**<u>तपसिल</u>**

१. उपभोक्ता समिति गठन गर्दा यस नगरपालिकाको उपभोक्ता समिति गठन संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७४ अनुसार गठन गर्ने । आयोजनावाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्वन्धित आयोजनास्थलमा नै ७ (सात) देखि ११ (एघार) सदस्यीय उपभोक्ता समिति समावेशी तथा पारदर्शी रुपमा गठन गर्ने । साथै उपभोक्ता समिति गठन गरेको आम भेलाको फोटो सम्झौताको वखत अनिवार्य रुपमा यस कार्यालयको योजना शाखामा पेश गर्नु पर्नेछ । योजनाहरुको उपभोक्ता समिति गठन हुने मिति, समय र स्थानको वारेमा नगर कार्यपालिकाको कार्यालयमा पत्राचार गरी जानकारी गराउन हुन् समेत अनुरोध छ । सम्भव भए सम्म उपभोक्ता समिति गठनको समयमा नगर कार्यपालिकाको कार्यालयको प्रतिनिधिको उपस्थिति समेत हुनेछ ।

२.उपभोक्ता समिति २०७९ साल मंसिर मसान्त भित्र अनिवार्य रुपमा गठन गर्ने । एउटा उपभोक्ता समितिले एक भन्दा वढी योजना संचालन नगर्ने । एक व्यक्ति एक भन्दा वढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै सगोलका परिवारवाट एकजना भन्दा वढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन । सरकारी शिक्षक तथा कर्मचारी उपभोक्ता समितिमा बस्न पाउने छैन । उपभोक्ता समिति गठन पश्चात योजना र उपभोक्ता समितिका सदस्यहरुको विवरण नगर

प्रमुख प्रशासकीय अधिकृत

www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545271

प.सं.(Letter No.) २०७९/०८०
च.नं.(Ref No.)

कार्यपालिकाको कार्यालयमा पठाउने । उपभोक्ता समितिमा बस्ने व्यक्ति सम्बन्धित योजनाको प्रत्यक्ष लाभग्राही हुनु पर्नेछ ।

३.उपभोक्ता समिति गठन गर्दा पिच सडक, भवन, पुल, कल्भर्ट पक्की नाला, कम्पाउण्डवाल तथा आरसीसी/पिसीसी ढलान जस्ता संरचनागत(Structural) कामहरु बाहेकको ग्राभेल तथा माटोजन्य पदार्थमा आधारित कामहरुको लागि मात्र उपभोक्ता समिति गठन गर्ने ।

४.नगरस्तरका योजनाहरुको हकमा नगर कार्यपालिकाको कार्यालयको निर्देशन अनुसार मात्र उपभोक्ता समिति गठन गर्ने ।

५.उपभोक्ता समितिका पदाधिकारीहरुलाई अनिवार्य रुपमा उपभोक्ता समितिका पदाधिकारीहरुको लागि संचालन गरिने तालिममा सहभागी गराउने । एउटा योजनाको लागि गठन भएको उपभोक्ता समितिले अर्को योजनाको काम गर्न पाउने छैन ।

६.उपभोक्ता समिति र नगर कार्यपालिकाको कार्यालय बीच अनिवार्य रुपमा सम्झौता गरेर मात्र योजना संचालन गर्ने ।

७.उपभोक्ता समितिका पदाधिकारीहरुले योजना सम्झौता निर्माण तथा भुक्तानी प्रक्रिया सम्बन्धी नगर कार्यपालिकाको कार्यालयबाट आयोजना हुने तालिममा सहभागी भए पश्चात सम्बन्धित वडामा खटिएको प्राविधिक कर्मचारीहरु संग समन्वय गरी योजनाको लागत अनुमान तयार गर्ने ।

८.उपभोक्ता समितिले निर्माण कार्य गर्दा वडामा खटिएको प्राविधिक (ईन्जिनियर) कर्मचारीको प्रत्यक्ष निर्देशनमा मात्र निर्माण कार्य गर्ने ।

९.उपभोक्ता समितिका पदाधिकारीहरुको लागि संचालन गरिने तालिममा वडाका वडाध्यक्षज्यूहरु, वडा सचिव तथा वडामा खटिएका प्राविधिक कर्मचारीहरु पनि अनिवार्य रुपमा उपस्थित हुने ।

१०.सामानहरु खरिद गरी जडान गर्ने तथा खरिद गरी वितरण गर्ने प्रकृतिका कार्यहरु (योजनाहरु) को हकमा उपभोक्ता समिति गठन नगर्ने ।

११.उपभोक्ता समितिका पदाधिकारीलाई दिने तालिमको मिति तथा स्थान सम्बन्धमा यस कार्यालयबाट पछि जानकारी गराइनेछ ।

१२.उपभोक्ता समिति योजना सम्झौता गर्न आउदा निर्माण हुने योजनाको लागत अनुमान तयार गर्दाको अवस्थाको स्थलगत फोटोको Hard copy र Soft copy (मोबाइलमा रहेको फोटो) लिएर आई पूर्वाधार शाखामा पेश गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, मधेश प्रदेश नेपाल
Dhangadhi, Siraha, Madhesh Province, Nepal

प.स.(Letter No.): २०७९/०८०
च.न.(Ref.No.):

www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545271

१३.उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नु पर्ने छ । समितिमा कम्तिमा ३३ (तैतीस)% महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनुपर्नेछ ।

१४.उपभोक्ता समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन अगावै वडा कार्यालयमा सूचना प्रकाशन गरेर सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

१५. उपभोक्ता समितिको म्याद थप गर्ने प्रावधान नभएकोले उपभोक्ता समितिले सम्झौता अवधिभित्र कार्य सम्पन्न गरी सम्झौता अवधि भित्रको विल भरपाई पेश गरी भुक्तानी लिनु पर्छ ।

१६. उपभोक्ता समितिले योजना सम्झौता गरेपछि १५ दिनभित्र निर्माण कार्य शुरु गर्नुपर्नेछ । सम्झौता गरेको १५ दिनभित्र काम शुरु नगर्ने उपभोक्ता समिति सँगको सम्झौता कार्यालयको तर्फबाट भंग गरी अन्य विधिबाट काम शुरु गरिनेछ ।

१७. उपभोक्ता समतिलाई पेश्की रकम उपलब्ध हुने छैन । रु.५ लाख भन्दा बढीको योजनाको हकमा आवश्यकतानुसार रनिङ्ग विलको भुक्तानी गरिनेछ ।

***सादर अवगतार्थ :-***
श्री नगर प्रमुखज्यू,
श्री नगर उपप्रमुखज्यू,
***बोधार्थ :-***
श्री पूर्वाधार शाखा :- चालु आ.ब.२०७९/८० को लागि वडामा खटिने प्राविधिक कर्मचारीहरुकोविवरण तयार गरी पेश गरी स्वीकृत गराई वडामा प्राविधिक कर्मचारी खटाउने । वडामा खटिने प्राविधिक कर्मचारीले उपभोक्ता समितिसँग समन्वय गरी लागत अनुमान तयार गरी पेश गर्ने र लागत अनुमान साथ योजना निर्माण स्थलको Pre-project photo समेत संलग्न गर्ने ।
श्री आर्थिक प्रशासन शाखा,
श्री जिन्सी शाखा,
धनगढीमाई नगरपालिकाको कार्यालय, धनगढी, सिरहा ।

प्रमुख प्रशासकीय अधिकृत